# नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको कार्यकारी निर्देशक छनौट कार्यविधि, २०८२

*स्वीकृत मितिः २०८२।०४।२० (मा.मन्त्रीस्तर)*

प्रस्तावनाः नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको कार्यकारी निर्देशक छनौट सम्बन्धी व्यवस्थालाई वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन वाञ्छनीय भएकोले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ७ बमोजिम मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको कार्यकारी निर्देशक छनौट कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) "गठन आदेश" भन्नाले नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) आदेश, २०७७ सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) आदेश, २०७७ को दफा ९ (२) बमोजिम मन्त्रालयले नियुक्त गरेको कर्मचारी सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको कार्यकारी निर्देशक छनौट कार्यविधि, २०८२ सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति (गठन) आदेश, २०७७ को दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ।

(च) "छनौट समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिमको कार्यकारी निर्देशक छनौट समिति सम्झनु पर्छ।

(छ) "सदस्य-सचिव" भन्नाले कार्यविधिको दफा ३ उपदफा १ बमोजिमको सदस्य सचिव सम्झनु पर्छ।

(ज) "पञ्चाङ्गकार" भन्नाले पात्रो तयार गर्ने र सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ।



मा. बद्री प्रसाद पाण्डे
मन्त्री

## परिच्छेद-२

## समितिसम्बन्धी व्यवस्था

**३. छनौट समितिको गठनः** (१) कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि उम्मेदवार छनौट गरी सिफारिस गर्न मन्त्रालयले देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछ।

(क) सह-सचिव, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय - संयोजक

(ख) मन्त्रालयबाट मनोनित १ जना विज्ञ सदस्य - सदस्य

(ग) उपसचिव, प्रशासन शाखा, मन्त्रालय - सदस्य-सचिव

(२) छनौट समितिको बैठक आवश्यकतानुसार संयोजकले तोकेको मिति, समय र स्थानमा आयोजना गरिनेछ।

(३) संयोजक र अन्य एकजना सदस्य उपस्थित भएमा समितिको गणपूरक सङ्ख्या पुगेको मानिने छ।

(४) छनौट समितिले बैठकसम्बन्धी कार्यविधि आफै निर्धारण गर्नेछ।

(५) छनौट समितिले बैठकमा आवश्यकतानुसार नेपाल सरकारका कुनै कर्मचारी वा अन्य कुनै विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(६) छनौट समितिलाई आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउने छ।

(७) छनौट समितिको सचिवालय मन्त्रालयमा रहने छ र यस कार्यविधि बमोजिमको कार्य सञ्चालन गर्न लाग्ने आवश्यक खर्च समितिबाट व्यहोरिने छ।

**४. छनौट समितिको काम, कर्तव्य र अधिकारः** (१) छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दरखास्त आव्हान गर्ने,

(ख) दरखास्त दिने व्यक्तिको शैक्षिक योग्यता, अनुभव र व्यावसायिक कार्ययोजनाको आधारमा योग्य उम्मेदवारको वर्णानुक्रमअनुसार संक्षिप्त सूची तयार गरी प्रकाशन गर्ने,

(ग) उम्मेदवारहरूको प्रस्तुतिकरण र अन्तर्वार्ता लिने,

(घ) कार्यविधिको दफा ९ को उपदफा १ बमोजिम उम्मेदवारहरूको अन्तिम मूल्याङ्कन गरी उच्चतम् अङ्क प्राप्त गर्ने बढीमा तीन जनाको नाम नियुक्तिको लागि मन्त्रालयसमक्ष सिफारिस गर्ने।



मा. बद्री प्रसाद पाण्डे
मन्त्री

परिच्छेद-३

## कार्यकारी निर्देशक छनौटसम्बन्धी व्यवस्था

५. **उम्मेदवारको योग्यताः** (१) कार्यकारी निर्देशकको पदमा आवेदन दिनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक हुनुपर्ने,

(ख) पैतीस वर्ष पूरा भई पैसट्ठी वर्ष उमेर ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट ज्योतिषशास्त्र सम्बन्धी विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी पञ्चाङ्गकारको रूपमा कम्तीमा १० (दश) वर्ष अनुभव हासिल गरेको वा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको,

(घ) कुनै विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमतिपत्र वा सुविधा नलिएको।

६. **उम्मेदवारको अयोग्यताः** (१) देहायको व्यक्ति कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि अयोग्य मानिने छ।

(क) दफा ५ बमोजिमको योग्यता नपुगेको,

(ख) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको,

(ग) हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसूर, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको,

(ङ) कुनैपनि दामासाहीमा परेको, किर्ते वा जालसाजीको आरोपमा सजाय पाएको,

(च) प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(छ) अन्य प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य भएको।

७. **<u>सूचना प्रकाशन एवम् आवेदनसम्बन्धी व्यवस्थाः</u>** (१) कार्यकारी निर्देशकको पदपूर्तिका लागि छनौट समितिले बढीमा सात दिनको म्याद दिई दफा ५ बमोजिमको योग्यता र अनुभव पुगेका इच्छुक व्यक्तिहरूलाई आवेदनको लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी सोसँग सम्बन्धित विस्तृत जानकारी मन्त्रालयको वेबसाईट र सामाजिक सञ्जाल तथा सूचनापाटीमा प्रकाशन गर्नु पर्नेछ।



मा. बद्री प्रसाद पाण्डे
मन्त्री

(२) उपदफा (१) मा उल्लेख गरिएको सूचनाबमोजिम उम्मेदवार बन्न इच्छुक व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन फाराम भरी तोकिएको म्यादभित्र तोकिएको स्थानमा बुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आवेदन पेश गर्दा देहाय बमोजिमको कागजात नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

(क) नेपाली नागरिकता प्रमाणपत्र,

(ख) शैक्षिक योग्यता प्रमाणपत्र,

(ग) अनुभवको प्रमाणपत्र,

(घ) वैयक्तिक विवरण (बायोडाटा),

(ङ) सिलबन्दी व्यावसायिक कार्ययोजना (तीन प्रति)।

(४) उपदफा (२) बमोजिमको आवदेन बुझाँउदा अनुसूची-२ बमोजिमको स्व-घोषणा समेत पेश गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम आवेदन दिँदा आवेदन दस्तुर रु.१,५००/- (अक्षेरेपि एकहजार पाँचसय मात्र) समितिको खाता नं. मा जम्मा गरेको सक्कल बैङ्क भौचर वा प्रमाण पेश गर्नु पर्नेछ।

(६) सूचनाबमोजिम कम्तीमा १ (एक) जनाको आवेदन परेमा पनि यस कार्यविधि अनुसार छनौट गरी सिफारिस गर्न बाधा पर्ने छैन।

८. **कार्ययोजनाः** (१) दफा ७ को उपदफा ३(ङ) बमोजिम पेश गरिने व्यावसायिक कार्ययोजना नेपाली भाषामा कम्तिमा दुई हजार शब्दमा लेखिएको हुनु पर्नेछ।

(२) व्यावसायिक कार्ययोजना पेश गर्दा छुट्टै सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

९. **मूल्याङ्कनका आधारहरूः** (१) छनौट समितिले देहायबमोजिम कूल १०० अङ्कको मूल्याङ्कनका आधारमा आवेदकहरूमध्येबाट कार्यकारी निर्देशकको छनौट गरी सिफारिस गर्नेछ।

| | | |
|---|---|---|
| **(क) शैक्षिक योग्यता** | | १० |
| (अ) न्यूनतम शैक्षिक योग्यता | ५ अङ्क | |
| (आ) एक तह माथिल्लो शैक्षिक योग्यता | ३ अङ्क | |
| (इ) सोभन्दा माथिल्लो शैक्षिक योग्यता | २ अङ्क | |
| **(ख) सम्बन्धित क्षेत्रको अनुभव** | | १० |
| (अ) स्नातक तह उत्तीर्ण गरी पञ्चाङ्गकारको रूपमा कम्तीमा १० वर्ष वा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव भएमा | ५ अङ्क | |

मा. बद्री प्रसाद पाण्डे
मन्त्री

(आ) न्यूनतम तोकिएभन्दा ५ वर्षसम्म बढीको अनुभव भएमा ३ अङ्क

(इ) न्यूनतम तोकिएभन्दा ५ वर्षभन्दा बढीको अनुभव भएमा २ अङ्क

(ग) व्यावसायिक कार्ययोजना ३०

(अ) विषयवस्तुको ज्ञान ५ अङ्क

(आ) समितिको विद्यमान कार्य सञ्चालनको अवस्थाको ज्ञान ५ अङ्क

(इ) समितिमा देखिएका समस्या, कमि कमजोरी, अवसर र चुनौतीहरू तथा सोको विश्लेषण क्षमता १० अङ्क

(ई) समितिको भावी रणनीतिक योजनाको खाका १० अङ्क

(घ) प्रस्तुतीकरण ३०

(अ) विषयवस्तुको समग्र तयारी १० अङ्क

(आ) विषयवस्तुको प्रस्तुतीकरण १० अङ्क

(इ) सङ्गठनको नेतृत्व गर्न सक्ने क्षमता १० अङ्क

(ङ) अन्तर्वार्ता २०

(अ) व्यक्तित्व ५ अङ्क

(आ) विषयवस्तुको ज्ञान ५ अङ्क

(इ) प्रस्तुतीको शैली ५ अङ्क

(ई) अन्तर वैयक्तिक सञ्चार ५ अङ्क

१०. **सिफारिस र नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) संक्षिप्त सूचीमा परेका उम्मेदवारको अन्तरवार्ता लिई एकमुष्ट अङ्कको आधारमा उपलब्ध भएसम्म तेब्बर सङ्ख्यामा छनौट गरी नियुक्तिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्नु पर्नेछ।

११. **कार्यसम्पादन करार गर्नुपर्नेः** कार्यकारी निर्देशकको पदमा नियुक्ति भएको मितिले ३० (तीस) दिनभित्र मन्त्रालयले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ को दफा ८ बमोजिम कार्यसम्पादन करार गर्नु पर्नेछ।



मा. बद्री प्रसाद पा
मन्त्री

परिच्छेद-४

## विविध

१२. **कार्यविधिमा संशोधनः** यस कार्यविधिमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

१३. **कार्यविधि बाझिएमाः** यस कार्यविधिमा भएको व्यवस्था अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनी व्यवस्था लागू हुनेछ।

१४. **कागजात सुरक्षित राख्नु पर्नेः** कार्यकारी निर्देशक नियुक्ति पश्चात छनौट प्रकृयाका सम्पूर्ण कागजात सिलबन्दी गरी छनौट समितिमा सुरक्षित राख्नु पर्नेछ।

१५. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा आइपरेका बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयमा निहित रहनेछ।

मा. बद्री प्रसाद पाण्डे
मन्त्री

अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## आवेदन फारामको ढाँचा

श्री छनौट समितिको सचिवालय,

नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति,

काठमाडौं।

| क. वैयक्तिक विवरण |
|---|

१.उम्मेदवारको नामः

२. जन्म मितिः वर्ष महिना गते

| | | | |
|---|---|---|---|
| वि.सं. | | | |
| ई.स. | | | |

३. स्थायी ठेगाना :

| | |
|---|---|
| जिल्ला/प्रदेश | न.पा./गा.पा.<br>वडा नं. |
| टेलिफोन नं.<br>मोबाईल नं. | ईमेल ठेगानाः- |

४. अस्थायी ठेगाना :

| | |
|---|---|
| जिल्ला/प्रदेश | न.पा./गा.पा.<br>वडा नं. |
| टेलिफोन नं.<br>मोबाईल नं. | ईमेल ठेगानाः |

५. नेपाली नागरिकताको प्रमाणपत्रसम्बन्धी विवरण :

| | |
|---|---|
| नागरिकता नं.- | जारी जिल्ला र मितिः- |

६. पति/पत्निको नामः

७. बाबु/आमाको नामः

८. बाजेको नामः

९. स्थायी लेखा नम्बर

मा. बद्री प्रसाद पाण्डे
मन्त्री

१०.धर्म

ख. शैक्षिक योग्यताको विवरण

| क.स. | उपाधि | विश्वविद्यालय | श्रेणी वा जि.पि.ए. | उत्तीर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ग. अनुभवको विवरण

| क.स. | काम गरेको निकाय | पद | कार्य अवधि | | मुख्य कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. संलग्न कागजातहरू

१.

२.

३.

४.

५.

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो, झुठ्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखतः

मितिः

मा. बद्री प्रसाद पाण्डे
मन्त्री

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## स्व-घोषणा

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को ... ... ... ... ... ... ... ... पदमा नियुक्ति/मनोनित हुनका लागि प्रचलित कानूनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवम् कानूनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्व-घोषणा गरी पेश गरेको छु।

१. नाम, थर (नेपालीमा): Name (In English): ...................................

२. जन्म मितिः वि.सं.: इ.सं.:

३. स्थायी ठेगानाः ........................................ अस्थायी ठेगानाः ........................................

४. नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचयपत्र नं.:
जारी मिति र जिल्लाः

५. सम्पर्क नं.: इमेलः ........................................

६. शैक्षिक योग्यताः

७. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

८. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

९. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

१०. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

११. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसूर, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

१२. म कुनैपनि दामासाहीमा परेको, किर्ते वा जालसाजीको आरोपमा सजाय पाएको छैन।

१३। मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।

१४। नियुक्ति/मनोनित हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।

१५. अन्य प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य छैन।

**मैले माथि गरिदिएको स्व-घोषणाको व्यहोरा ठिक साँचो हो। झुट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।**

<u>स्वघोषणा गर्ने व्यक्तिको</u> -

दस्तखतः

| दायाँ | बायाँ |
|---|---|
| | |

मिति :

<u>स्व-घोषणा गराउने अधिकृतको</u> -

दस्तखतः

नाम, थरः

पदः

कार्यालयः

मा. बद्री प्रसाद पाण्डे
मन्त्री

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## स्व-घोषणा

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को ... ... ... ... ... ... ... ... पदमा नियुक्ति/मनोनित हुनका लागि प्रचलित कानूनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवम् कानूनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्व-घोषणा गरी पेश गरेको छु।

१. नाम, थर (नेपालीमा): Name (In English): ....................................

२. जन्म मितिः वि.सं.: इ.सं.:

३. स्थायी ठेगानाः ........................................ अस्थायी ठेगानाः ........................................

४. नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचयपत्र नं.:
जारी मिति र जिल्लाः

५. सम्पर्क नं.: इमेलः ........................................

६. शैक्षिक योग्यताः

७. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

८. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

९. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

१०. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

११. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसूर, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

१२. म कुनैपनि दामासाहीमा परेको, किर्ते वा जालसाजीको आरोपमा सजाय पाएको छैन।

१३। मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।

१४। नियुक्ति/मनोनित हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।

१५. अन्य प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य छैन।

**मैले माथि गरिदिएको स्व-घोषणाको व्यहोरा ठिक साँचो हो। झुट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।**

<u>स्वघोषणा गर्ने व्यक्तिको</u> -

दस्तखतः

दायाँ बायाँ

मितिः

<u>स्व-घोषणा गराउने अधिकृतको</u> -

दस्तखतः

नाम, थरः

पदः

कार्यालयः

मा. बद्री प्रसाद पाण्डे
मन्त्री